जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क : ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक १६८ • २०८२ चैत्र २६ गते विहिवार • 9 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## मटिहानी-९ मा टोल विकास संस्था गठन: परिचालन कार्यक्रम सम्पन्न

मो.इर्शाद
महोत्तरी, २५ चैत्र



स्थानीय विकास र सामाजिक सुधारका लागि मटिहानी नगरपालिकामा नागरिक सक्रियता बढेको छ । मटिहानी नगरपालिका वडा नं. ९ मा 'सपोर्ट नेपाल' को आयोजना, जर्मन संस्था KURVE Wustrow को सहयोग तथा वडा कार्यालयको सहकार्यमा बुधबार एक विशेष भेलाका बीच 'टोल विकास संस्था' विधिवत रूपमा गठन गरिएको छ ।

बहुअर्वा टोलमा आयोजित उक्त कार्यक्रममा टोलको सर्वाङ्गिण विकासका लागि विभिन्न ६ वटा महत्वपूर्ण प्रस्तावहरूमा छलफल गरी सर्वसम्मतिले निर्णयहरू पारित गरिएको हो । रुबैठकले टोलको सीमाना स्पष्ट पार्दै कार्यक्षेत्र समेत तोकेको छ । पूर्वमा बिन्देश्वर यादवको घरदेखि पश्चिममा सिघसन मण्डलको घरसम्म र उत्तरमा तेलिनिया पोखरीदेखि दक्षिणमा ब्रह्मस्थानसम्मको क्षेत्रलाई संस्थाको कार्यक्षेत्र बनाइएको छ। विकास प्रक्रियामा कोही पनि नछुटुन् भन्ने उद्देश्यका साथ यस क्षेत्रभित्र बसोबास गर्ने दलित,अल्पसंख्यक र सिमान्तकृत लगायत सबै धर्म, संस्कृति र जातजातिका स्थानीयलाई समेट्ने गरी पूर्ण समावेशी संस्था बनाउने ऐक्यवद्धता जनाइएको छ ।

संस्थाको कामलाई प्रभावकारी र संगठित रूपमा अगाडि बढाउन पहिलो चरणमा ५ सदस्यीय कार्यसमिति चयन गरिएको छ । जसमा निम्न व्यक्तिहरू रहेका छन : ललन दुवेदी, राम एकवाल यादव, सुरेश खत्वे, गुरु शरण साह, रामवृक्ष महरा बिन्दे कापर, पूजा देवी खत्वे, निलु यादव, गंगा देवी साह, सलिता देवी खत्बे अनिता देवी यादव चयन भएको छ। समितिले अब संस्थाको विधान निर्माण, पारित र दर्ता प्रक्रियालाई तीव्रता दिने निर्णय गरेको छ ।

मदन चौधरीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि र अभियन्ताहरूको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रममा वडा सदस्य रत्नेश कुमार लाल कर्ण, वडा सचिव चन्देश्वर यादव, सपोर्ट नेपालका कार्यबाहक अध्यक्ष सुनील कुमार मलिक, कार्यकारिणी सदस्य गंगा प्रसाद साह, महोत्तरी जिल्ला संयोजक प्रकाश ठाकुर, धनुषा जिल्ला संयोजक शत्रुध्न महतो लगायत सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता थियो ।

रुआयोजक संस्थाले यस टोल विकास संस्थाको गठनसँगै बहुअर्वा टोलमा विकास निर्माणका कार्यहरूले थप गति लिने र स्थानीय समस्याहरूको सामूहिक रूपमा समाधान हुने ठूलो विश्वास लिएको छ। यो कदमले स्थानीय स्तरमा सुशासन र सहभागिता मूलक विकासको नयाँ अभ्यास सुरु गर्ने अपेक्षा गरिएको छ ।

## जलेश्वरमा युवाहरूको विरोध, अस्पताल अध्यक्ष नियुक्ति फिर्ता लिन मांग



मो.इर्शाद
महोत्तरी, २५ चैत्र

अस्पताल व्यवस्थापन समिति अध्यक्षमा प्रदेश सरकारको निर्णय प्रति युवाहरुको आक्रोश, तालाबन्दी गरेसँगै युवाहरु बसे अनशनमा । प्रादेशिक अस्पताल जलेश्वरको अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति जलेश्वरको अध्यक्ष पदका लागि प्रदेश सरकारले गरेको निर्णय प्रति असन्तुष्टि जनाउदै युवाहरुले विरोध जनाएका छन ।

प्रादेशिक अस्पताल जलेश्वरको व्यवस्थापन समिति अध्यक्षमा स्थानीय,युवा,विज्ञ हुनुपर्ने माग सहित व्यवस्थापन समिति अध्यक्षाको चयन पारदर्शी र सार्वजनिक रूपले गरिनु पर्ने माग बारे युवाहरुले अस्पताल प्रशासन र स्वास्थ्य मन्त्री समेतलाई जानकारी गराईएको उनीहरुले बताए ।

प्रदेश सरकार मार्फ़त यस्तो निर्णय हुन सक्ने आशंकाले गर्दा युवाहरुले सरोकारवाला निकायलाई जानकारी गराईसकेको अवस्थामा पनि प्रदेश सरकारले स्थानीयलाई बेवास्ता गरेको प्रति आफुहरु आक्रोशित र आन्दोलित हुने अवस्थामा पुगेको बताए । त्यही निर् जलेश्वरमन्त्रालयले निर्णय फिर्ता नलिए अनशन र कडा आन्दोलन् गर्ने उनीहरुको चेतावनी । अस्पतालको व्यवस्थापन समिति अध्यक्ष बस्ने कोठामा ताल्चा लगाउदै उनीहरु अनशनमा बसेका छन ।






## महोत्तरी गाउँपालिकाद्वारा युवाहरूलाई लक्षित गर्दै निःशुल्क सीप विकास तालिम सञ्चालन

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २५ चैत्र





महोत्तरी गाउँपालिकाले युवाहरूलाई लक्षित गर्दै निःशुल्क सीप विकास तालिम सञ्चालन गर्ने भएको छ । गाउँपालिकाले राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठानसँगको साझेदारीमा हाउसकिपिङ/क्लिनर तथा वेटर-वेट्रेस सम्बन्धी तालिम सञ्चालन गर्न लागेको हो ।

गाउँपालिकाद्वारा प्रकाशित सूचनाअनुसार प्रत्येक तालिममा २०-२० जना सहभागी छनोट गरिनेछ । दुवै तालिमको अवधि ३९० घण्टा रहने जनाइएको छ। तालिममा सहभागी हुन इच्छुक आवेदकको उमेर १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ भने न्यूनतम शैक्षिक योग्यता कक्षा ८ उत्तीर्ण तोकिएको छ । योग्यता पुगेका इच्छुक व्यक्तिहरूले सूचना प्रकाशित भएको मितिले सात दिनभित्र आवेदन दिनुपर्नेछ । आवेदन फाराम महोत्तरी गाउँपालिकाको सामाजिक विकास शाखाबाट प्राप्त तथा बुझाउन सकिने व्यवस्था गरिएको छ ।

आवेदनसँगै नेपाली नागरिकताको प्रतिलिपि, एकप्रति पासपोर्ट साइज फोटो र शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेश कुमार शर्माका अनुसार उक्त तालिमले स्थानीय युवाहरूलाई रोजगारमूलक सीप प्रदान गरी स्वरोजगार तथा रोजगारीको अवसर सिर्जना गर्ने विश्वास गरिएको छ ।




समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

## सरकारी कार्यालयको अनुगमन जरुरी

नेपालको वर्तमान प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारले २०८२ चैत्र २३ गतेदेखि लागु हुने गरी विद्यालय बाहेकका कार्यालय समय ९ देखि ५ बजे र सप्ताहमा शनिवार र आईतबार बिदा दिने निर्णय गरेको थियो। प्रधानमन्त्री बालेन्द्र शाह आफैबाट शुरु गरी वहाँ अहिले ८ बजेर ३० मिनेटमै आफ्नो कार्यकक्षमा पुग्नु हुन्छ। वहाँको यो कार्यशैलीले चौतर्फी चर्चा पाइरहेको छ भने अर्का तर्फ सरकारी निकायमा काम गर्ने कर्मचारीहरुलाई थप उत्प्रेरणा तथा उर्जा प्राप्त भईरहेको प्रष्ट देखिन्छन्।

तर अहिले पनि केहि सरकारी कार्यालयहरुमा कर्मचारीहरु समयमै नपुगेको गुनासो आएकोले यसलाई नियमन गर्नको लागि नेपाल सरकारले गरेको निर्णयको अनुगमन विभागले अनुगमन गर्नुका साथै सम्बन्धीत कर्मचारीलाई आवश्यक दण्ड सजाय समेत दिनु आवश्यक रहेको देखिन्छ।

साथै सरकारी कर्मचारीहरुले समेत नेपाल सरकारको निर्णयहरुलाई पालना गर्नु वहाँहरुको दायित्व भएकोले यसलाई दबाबमा होइन की जनताको कामलाई आफ्नो काम सम्झी तत्परताका साथ समयमै कार्यालय पुग्ने तथा समयमै कार्य समपन्न गर्न गराउनु आवश्यक देखिन्छन्। अहिले पनि केहि कार्यालयहरुमा परम्परागत कार्यशैलीका कारण नयाँ नियमहरु सुशासनका लागि लागु भए पनि सेवाग्राहीका कामहरु भईरहेका छैनन्। विभिन्न सरकारी कार्यालयका बिचौलियाँहरुका कारण सेवाग्राहीहरु काम गर्न गराउनबाट बञ्चित रहेको देखिन्छ। त्यसकारण यस्ता कार्यालयहरुका अनुगमन तथा समाधान जरुरी छ।

# मधेश प्रदेशमा सिँचाइको अवस्था अझै पनि दयनीय

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २५ चैत्र**



देशभर विभिन्न कार्यक्रम गरी सिँचाइ दिवस मनाइरहँदा मधेश प्रदेशमा भने सिँचाइको अवस्था अझै पनि दयनीय रहेको देखिएको छ। 'खेत-खेतमा पानी' भन्ने नारासहित प्रदेश सरकारले महत्वकांक्षी योजना सार्वजनिक गरे पनि व्यवहारमा किसानले त्यसको अनुभूति गर्न सकेका छैनन्। प्रदेशभर करिब ६ लाख २ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये जम्मा ४९ प्रतिशत जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको तथ्यांकले मधेशको कृषि क्षेत्र अझै वर्षामा निर्भर रहेको देखाउँछ।

वर्षेनी घट्दो वर्षा र भूमिगत पानीको अनियमित उपयोगका कारण किसानको उत्पादन जोखिममा पर्दै गएको छ। संरचना बने, सञ्चालन भएनन्: सरकारले समस्या समाधानका लागि डीप बोरिङ्ग, पावर ड्रिल ट्युबवेल जस्ता संरचना निर्माणमा ठूलो लगानी गरेको छ। तर, तीमध्ये अधिकांश संरचना सञ्चालनमै आउन नसक्दा लगानी प्रभावहीन बनेको छ। महोत्तरीको मनरा शिस्वा नगरपालिका-१० सकरीमा करिब ९५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको डीप बोरिङ्ग हालसम्म सञ्चालनमा आउन सकेको छैन। संरचना तयार भए पनि विद्युत् जडान, मर्मत र व्यवस्थापन अभावका कारण किसानले त्यसबाट लाभ लिन सकेका छैनन्। जिल्ला स्तरमा हेर्दा अवस्था अझै गम्भीर छ। महोत्तरीमा ३३ र धनुषामा २२ गरी ५५ वटा डीप बोरिङ्ग जडान गरिएको भए पनि अधिकांश प्रयोगविहीन छन्।

त्यस्तै, महोत्तरीमा ४३ र धनुषामा १२३ गरी कूल २१६ वटा पावर ड्रिल ट्युबवेल जडान गरिएकोमा ११० वटा अझै सञ्चालनमा आउन सकेका छैनन्। समस्या कहाँ अड्कियो ? भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय महोत्तरीका निमित्त प्रमुख अमलेश यादवका अनुसार बजेट अभाव, ट्रान्सफर्मर चोरी, विद्युत् आपूर्ति समस्या तथा प्राविधिक व्यवस्थापनको कमजोरीका कारण संरचना सञ्चालनमा आउन सकेका छैनन्। 'संरचना बनाउनु मात्रै समाधान नभई सञ्चालन र व्यवस्थापन उत्तिकै महत्वपूर्ण हुन्छ,' उनले भने, 'तर, त्यसतर्फ आवश्यक ध्यान नपुग्दा धेरै आयोजना अलपत्र परेका छन्।' प्रदेश सरकारले सिँचाइ पहुँच विस्तार गर्ने उद्देश्यले स्यालो ट्युबवेल वितरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। गत आर्थिक वर्षमा पर्सामा ४०५, रौतहटमा ३१२, बारामा ३०४, धनुषामा ३००, सप्तरीमा २३२, सिरहामा २०९, महोत्तरीमा २०५ र सर्लाहीमा १५४ किसानलाई स्यालो ट्युबवेल वितरण गरिएको देखिन्छ। चालु आर्थिक वर्षमा पनि वितरण प्रक्रिया जारी रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ। तर, यो कार्यक्रमले सीमित क्षेत्रलाई मात्र राहत दिएको छ। दीर्घकालीन समाधान भने दिन सकेको छैन।

# शिक्षा क्षेत्रमा देखिएको दोहोरो मापदण्ड र अनुगमनको कमजोरीका कारण समग्र निजी विद्यालय क्षेत्र नै बदनाम

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २५ चैत्र**



शिक्षा क्षेत्रमा देखिएको दोहोरो मापदण्ड र अनुगमनको कमजोरीका कारण समग्र निजी विद्यालय क्षेत्र नै बदनाम भइरहेको आरोप लागेको छ। एनप्याबसन जनकपुरधाम नगर अध्यक्ष दिपक ठाकुरले वर्तमान अवस्थामा केही विद्यालयको कमजोरीका कारण सम्पूर्ण निजी विद्यालयमाथि प्रश्न उठ्नु दुर्भाग्यपूर्ण भएको बताएका छन्।

'यदि कुनै विद्यालयले नियम मिचेको छ भने सरकारले त्यसको नाम सार्वजनिक गरेर कानुनी कारबाही गर्नुपर्छ,' उनले भने, 'तर, केहीको गल्तीका आधारमा सबैलाई दोषी देखाउने शैलीले समस्या समाधान हुँदैन, बरु क्षेत्र नै बदनाम हुन्छ।'

उनका अनुसार नियमनकारी निकायको निष्क्रियता र असमान व्यवहारले शिक्षा क्षेत्रमा अन्योल सिर्जना गरेको छ। 'एउटा विद्यालय नियम मिच्दा पनि कारबाही हुँदैन, अर्कोतर्फ बिना दर्ता सञ्चालन भएका वा अनुमति भन्दा माथिल्लो कक्षा चलाइरहेका विद्यालयहरूलाई समेत छुट दिइन्छ,' ठाकुरले प्रश्न गरे, 'यसले निष्पक्षता कहाँ देखिन्छ ?' ठाकुरले सरकारसँग निजी विद्यालयको स्पष्ट वर्गीकरण गरी शुल्क निर्धारण गर्न माग गरेका छन्। उनका अनुसार विद्यालयहरूको स्तर, पूर्वाधार, सेवा र लगानीका आधारमा वर्गीकरण गरेर शुल्क तोक्दा अभिभावकमा फैलिएको भ्रम अन्त्य हुने विश्वास गरिएको छ। 'अहिले अभिभावकमा गलत प्रचार फैलिएको छ। त्यसलाई रोक्न पनि सरकार स्पष्ट नीति ल्याउनुपर्छ,' उनले भने। पाठ्यपुस्तक सम्बन्धी नीतिमा समेत एकरूपता अभाव रहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गराएका छन्।

'देशभरका विद्यालयमा एउटै मापदण्डको किताब लागू गर्न सकिएको छैन,' उनले भने, 'सरकारले CDC बाट स्वीकृत पुस्तक बाहेक विदेशी प्रकाशनका पुस्तक प्रयोगमा किन लगाम लगाउन सकेको छैन ?' उनले भारतीय र अमेरिकी प्रकाशनका पुस्तकहरूको अनियन्त्रित प्रयोगले शैक्षिक असमानता बढाएको तर्क गरे। 'सबै विद्यालयमा एउटै मापदण्डको पाठ्यपुस्तक लागू गरिएमा गुणस्तरमा एकरूपता आउँछ,' ठाकुरले भने, 'यसले अभिभावकको आर्थिक भारसमेत घटाउँछ।'

शिक्षा क्षेत्रमा देखिएको अव्यवस्था अन्त्य गर्न सरकार जिम्मेवार बन्नुपर्ने उनको जोड छ। 'नीति बनाउने मात्र नभई कार्यान्वयनमा कडाइ आवश्यक छ,' उनले भने, 'अनुगमन, वर्गीकरण र पारदर्शिता बिना शिक्षा क्षेत्र सुधार सम्भव छैन।' उनले सरकारलाई 'स्टन्टबाजी' भन्दा पनि व्यवहारिक सुधारतर्फ ध्यान दिन आग्रह गरे। 'घोषणा र निर्देशन मात्र नभई परिणाम देखिने काम हुनुपर्छ,' ठाकुरले भने, 'त्यसका लागि सबै विद्यालयलाई समान मापदण्डमा ल्याउने साहस सरकारले देखाउनुपर्छ।'

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: खानपानमा समस्या आउने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा


बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ईरान-अमेरिकाबीच इस्लामाबादमा वार्ता हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ चैत्र**

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले युद्धविरामका सर्तहरूलाई अन्तिम रूप दिन संयुक्त राज्य अमेरिकासँग पाकिस्तानको राजधानी इस्लामाबादमा दुई हप्ता लामो वार्ता गर्ने घोषणा गरेको छ।

यससँगै तेहरानले जारी द्वन्द्वमा आफूले ऐतिहासिक विजय हासिल गरिसकेको दाबीसमेत गरेको छ। परिषद्ले जारी गरेको विस्तृत विज्ञप्ति अनुसार, इरानले वाशिंगटनलाई १० बुँदे रणनीतिक र आर्थिक मागहरू स्वीकार गर्न बाध्य पारेको दाबी गरेको छ। इरानका प्रमुख मागहरूमा अनाक्रमणको ग्यारेन्टी, हर्मुज जलमार्गमा ईरानी नियन्त्रणको निरन्तरता, युरेनियम संवर्धनको मान्यता, ईरानमाथि लगाइएका प्रतिबन्धहरू हटाउनुपर्ने, मध्यपूर्व क्षेत्रबाट अमेरिकी सेना फिर्ता हुनुपर्ने र क्षतिपूर्ति भुक्तानी गरिनुपर्ने जस्ता विषयहरू समावेश छन्।

द्वन्द्वको परिणामबारे टिप्पणी गर्दै परिषद्ले भनेको छ, 'शत्रुले इरानी राष्ट्रविरुद्धको आफ्नो कायरतापूर्ण, अवैध र आपराधिक युद्धमा नबिर्सने गरी ऐतिहासिक र लज्जास्पद हार व्यहोरेको छ।' इरानले अमेरिकालाई आफ्नो १० बुँदे योजना मान्न बाध्य पारेको र यसले क्षेत्रीय शक्ति सन्तुलनमा निर्णायक परिवर्तन ल्याएको उल्लेख गरेको छ। यद्यपि, यो वार्ता शुरू हुनुको अर्थ तत्काल युद्ध अन्त्य हुनु भने नभएको इरानले स्पष्ट पारेको छ। 'वार्ता हुनुको अर्थ युद्ध सकिएको होइन, जबसम्म वार्तामा सबै विवरणहरूलाई अन्तिम रूप दिइँदैन, तबसम्म युद्ध अन्त्य हुने छैन,' विज्ञप्तिमा भनिएको छ। यो वार्ता अधिकतम् १५ दिनसम्म मात्र चल्ने बताइएको छ।

# शाहरुखले किन छोडे रजनीकान्तको 'जेलर २'?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ चैत्र**



साउथ सुपरस्टार रजनीकान्त र बलिउडका 'बादशाह' शाहरुख खानलाई एकैसाथ ठुलो पर्दामा हेर्ने फ्यानहरूको सपना तत्कालका लागि पुरा नहुने भएको छ। किनभने रजनीकान्तको ब्लकबस्टर फिल्म 'जेलर' को सिक्वेल 'जेलर २'बाट शाहरुख बाहिरिएका छन्। मिडिया रिपोर्टका अनुसार 'जेलर २' का निर्माताहरूले शाहरुख खानलाई ५ दिनको सुटिङ रहने गरी एक विशेष भूमिकाका लागि प्रस्ताव गरेका थिए। सुरुमा शाहरुख यसका लागि सकारात्मक देखिएका थिए।

तर, आफ्नो आगामी फिल्म 'किङ'को तयारी र यसमा आफ्नो लुक्सलाई गोप्य राख्नका लागि उनले यो फिल्म नगर्ने निर्णय लिएका छन्। शाहरुख खान फिल्म 'किङ' मा एउटा निकै भिन्न र विशेष लुक्समा देखिँदै छन्। उनी चाहँदैनन् कि 'किङ' भन्दा अगाडि रिलिज हुने कुनै पनि फिल्ममा उनको त्यो लुक्स सार्वजनिक होस्। 'जेलर २' को प्रदर्शन २०२५ को अगस्टमा गर्ने तयारी भइरहेको छ, जबकि 'किङ' २०२६ को डिसेम्बरमा मात्र रिलिज हुनेछ। फिल्म छोड्ने निर्णय गरेपछि शाहरुख खानले आफैं रजनीकान्तसँग कुराकानी गरेको बताइएको छ। उनले रजनीकान्तलाई आफ्नो अवस्थाबारे जानकारी गराउँदै भविष्यमा कुनै ठुलो प्रोजेक्टमासँगै काम गर्ने इच्छा व्यक्त गरेका छन्। शाहरुखको यो विनम्रतालाई रजनीकान्तले पनि सहजै स्वीकार गरेका हुन्। शाहरुख खान अहिले आफ्नो एक्सन थ्रिलर फिल्म 'किङ' को तयारीमा व्यस्त छन्। सिद्धार्थ आनन्दको निर्देशनमा बन्ने यस फिल्ममा शाहरुखसँगै उनकी छोरी सुहाना खानले पनि मुख्य भूमिका निर्वाह गर्दै छिन्। फिल्मका अभिषेक बच्चन भिलेनको भूमिकामा देखिनेछन् भने दीपिका पादुकोण, अनिल कपूर, ज्याकी श्राफ र अर्शद वारसीजस्ता कलाकारहरूको पनि अभिनय रहनेछ।

# नीतिगत सुधार र लगानी प्रवर्द्धनमा ऐतिहासिक उपलब्धि हासिल: महासङ्घ अध्यक्ष ढकाल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ चैत्र**




नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसीसीआई) का अध्यक्ष चन्द्रप्रसाद ढकालले आफ्नो तीन वर्षे कार्यकालमा मुलुकको नीतिगत सुधार, लगानी प्रवर्द्धन र निजी क्षेत्रको मनोबल उकास्ने दिशामा ऐतिहासिक उपलब्धि हासिल भएको बताएका छन्।

महासङ्घद्वारा पत्रकार तथा सञ्चारकर्मीहरूको सम्मानमा आयोजित धन्यवाद ज्ञापन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले निजी क्षेत्र अब केवल दबाब समूहमा मात्र सीमित नभई राष्ट्र निर्माणको सहयात्रीका रूपमा स्थापित भएको बताएका हुन्।

आफ्ले नेतृत्व सम्हाल्दा 'कोभिड१९' महामारी, अन्तर्राष्ट्रिय द्वन्द्व, उच्च ब्याजदर, तरलता अभाव र बारम्बारको सरकार परिवर्तनका कारण अर्थतन्त्र अत्यन्त चुनौतीपूर्ण अवस्थामा रहेको स्मरण गर्दै उनले त्यस जटिल परिस्थितिमा आर्थिक गतिविधिलाई चलायमान बनाउनु आफ्नो पहिलो प्राथमिकता रहेको उल्लेख गरे। पाँच प्राथमिकता र नीतिगत हस्तक्षेपमा सफलता: पदभार ग्रहण गर्दा आफूले आर्थिक सङ्कट समाधान, स्वदेशी तथा विदेशी लगानीको वातावरण निर्माण, सार्वजनिक-निजी साझेदारीको सुदृढीकरण, दक्ष जनशक्ति र रोजगारी सिर्जना तथा व्यवसायीको मनोबल उच्च बनाउने पाँच मुख्य प्राथमिकता अघि सारेको र ती सबैमा उल्लेखनीय काम भएको अध्यक्ष ढकालले बताए। "महासङ्घले परम्परागत रूपमा माग मात्र राख्ने भूमिकाबाट माथि उठेर नीति निर्माण प्रक्रियामै सक्रिय सहभागिता जनाएको छ," ढकालले भने। महासङ्घकै पहलमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन भएको र त्यसले ३० भन्दा बढी कानुन सुधारको सिफारिस गरेको उनले जानकारी दिए।

त्यसै गरी, वर्तमान सरकारको पहिलो 'क्याबिनेट' बैठकले महासङ्घको प्रस्तावअनुरूप 'निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन रणनीति' स्वीकृत गरेको र उद्योग-कलकारखानालाई शान्ति क्षेत्रका रूपमा घोषणा गरिएको विषयलाई उनले मुख्य उपलब्धिको रूपमा लिएका छन्। लगानीको वातावरण सुदृढ गर्न महासङ्घकै पहलमा दुई पक्षीय लगानी सम्झौता (बीआईए) को मस्यौदा तयार भई विभिन्न मुलुकसँग सम्झौताको प्रक्रिया अघि बढेको पनि उनले जानकारी दिए।

# फिफा र एन्फालाई राखेपको पत्र : संयुक्त बैठक गरौं, सहमतिअनुसार निलम्बन हटाउन तयार छौं

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ चैत्र**




राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा), एसियन फुटबल महासंघ (एसीसी) र अखिल नेपाल फुटबल संघ (एन्फा) बिच संयुक्त बैठक आयोजना गर्न पत्र पठाएको छ।

निलम्बनको विषयमा फिफा, एएफसी र एन्फाले लेखेको पत्रको जवाफ दिँदै राखेपले बुधबार वर्तमान अवस्थामा सबै सरोकारवालाहरुबाट संयुक्त समिक्षा आवश्यक रहेको उल्लेख गरेको हो। उक्त छलफलमार्फत एन्फा साधारणसभाका निर्णय र लागु विधानलाई ध्यानमा राख्दै निर्वाचन समयरेखा र प्रक्रिया सम्बन्धी सहमति तयार गर्न राखेप खेलकुद विकास प्रमुख सरोजकुमार श्रेष्ठद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ।

यस्तै यही विषय समेटेर राखेपका सदस्य सचिव रामचरित्र मेहताले फिफालाई पनि छुट्टै पत्र पठाएका छन्। आवश्यक परेमा र आपसी सहमतिअनुसार हाल लगाइएको स्थगन पुनर्विचार गरी हटाउन तयार रहेकोसमेत राखेपले जनाएको छ। राखेपले राष्ट्रिय कानुनको पालना गर्दै नेपाली फुटबलको स्वायत्ततालाई समर्थन गर्न प्रतिबद्ध रहेको उल्लेख गरेको छ। यस्तै सम्पूर्ण प्रक्रिया पारदर्शी, निष्पक्ष र कानुनी रूपमा सुसंगत ढंगले सञ्चालन हुने सुनिश्चित गर्न चाहेको राखेपको जिकीर छ।

२०२५ मे ६ मा धुलिखेलमा भएको साधारणसभाबाट भएको निर्णय विपरित एन्फाले निर्वाचन गर्न लागिएको राखेको ठहर छ।

# इन्धन आयातमा लगाइने अप्रत्यक्ष करलाई स्थायी रुपमा घटाइयोस

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ चैत्र**



नेपाली कांग्रेसका सांसद सुनिलबहादुर थापाले इन्धन आयात लाग्ने कर तथा अप्रत्यक्ष शुल्कलाई स्थायी रुपमले नै घटाउन आग्रह गर्नुभएको छ। राष्ट्रिय सभाको बुधवार बसेको बैठकको विशेष समयमा उहाँले यस्तो आग्रह गर्नुभएको हो।सरकारले गरेको इन्धन आयातमा कर तथा अप्रत्यक्ष शुल्क घटाउने निर्णयलाई स्वागत गर्दै उहाँले यसलाई दीर्घकालिक रुपमा नै लैजान वा कर पुनरावलोकन गर्न सुझाव दिनुभयो।

उहाँले इन्धनको मूल्य सुपथ बनाउँदा सँगै अर्थतन्त्र नै चलायमान हुने उल्लेख गर्नुभयो। उहाँले हाल मध्यपुर्वमा भइरहेको युद्धका कारण इन्धन आपुर्तिमा समस्या देखिएको बताउनुहुँदै भारत सरकारसँग सहकार्य गरेर निरन्तर आपुर्तिको सुनिश्चितता गर्न सरकारसँग आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "आजको युगमा कुनैपनि द्वन्द्वले विश्वभर प्रभाव पार्दछ। विशेषगरी नेपाल जस्तो भुपरिवेष्टित देशमा यसको प्रभाव अझ बढी छ। हाम्रो उर्जा आपूर्ति भारतमार्फत निर्भर रहेको सन्दर्भमा म नेपाल सरकारलाई यस अवस्थालाई नजिकबाट निगरानी गर्न तथा भारत सरकारसँग समन्वय गरि इन्धन आपुर्तिमा निरन्तरताको सुनिश्चितता गर्न आग्रह गर्दछु। साथै इन्धनको मूल्यवृद्धिले समग्र अर्थतन्त्रमा गम्भिर प्रभाव पार्नेछ, यस सन्दर्भमा अर्थमन्त्रीज्यूले इन्धन आयातमा कर तथा अप्रत्यक्ष शुल्क घटाउने निर्णय लिनुभएकोमा म स्वागत गर्दछु।

सरकारलाई दीर्घकालिक रुपमा यस्ता अप्रत्यक्ष करहरु स्थायी रुपमा घटाउने वा पुनरावलोकन गर्न आग्रह गर्दछु। इन्धनको मूल्य सुलभ राख्नु हाम्रो अर्थतन्त्रलाई गतिशीलता दिनुपनि हो।" उहाँले नेपाली नेपाली राजनीतिमा एकता, सहमति र सहकार्यको आवश्यकता देखिएको बताउँदै सरकारलाई राजनीतिक दलसँग सम्वाद गर्न सुझाव दिनुभयो।

# विद्यालयको भौतिक निर्माणमा विकास देखी नगरपालिका साक्षर घोषणा गर्ने लक्ष्य त्रिपक्षीय सम्झौता

**मो.इर्शाद**
**महोत्तरी, २५ चैत्र**

महोत्तरीको बलवा नगरपालिकामा पर्ने सामुदायिक विद्यालयको जीर्णोद्धार ,नयाभवन निर्माण तथा नगरपालिकालाई साक्षर घोषणा गर्ने लक्ष्य प्रति कटिबद्ध भई सेभ द चिल्ड्रेनको साझेदारी तथा रतौली युवा क्लब महोत्तरीको समन्वयमा बलवा नगरपालिका सँग उक्त योजनाहरु संचालन गरि शिक्षा क्षेत्रमा नमुना काम गर्ने योजनाहरुको करार समझौता पत्रमा हस्ताक्षर गरिएको छ।

बलवा नगरपालिकाका नगरप्रमुख र ामबिजय महतो,सेभ द चिल्ड्रेन बर्दिबास फिल्ड कार्यालयका अपरेसन प्रमुख उमेश गुप्ता, रतौली युवा क्लबका कार्यकारी निर्देशक बैधनाथ चौधरी लगायत पालिकाका प्रमुख प्रशासकीय अधिकृत,शिक्षा शाखा प्रमुख र सेभ द चिल्ड्रेन तथा रतौलीयुवा क्लबका प्रतिनिधिहरु बिच गुणस्तरिय समावेसी प्रारम्भिक बालविकास र आधारभूत शिक्षा परियोजना अन्तर्गत त्रिपक्षीय समझौता गरिएको छ। बालविकास शिक्षालाई गुणस्तरियता साथ प्रवाह गर्न भौतिक संरचना पहिलो र अपरिहार्य आवश्यकता रहेकोले भौतिक संरचनामा सुधारलाई पहिलो प्राथमिकतामा राखिएको योजनाको मुख्य उद्देश्य रहेको जनाईएको छ ।
विद्यालयमा संचालित ई.सी.डी लाई सहयोग पुर्याउने उद्देश्यले बालबालिका मैत्री आपङ्गता मैत्री संरचना सँगै सुरक्षित खेलकुद व्यवस्थापन हुनेगरि संरचना निर्माण गरिने जनाईएको छ। बलवा नगरपालिका अन्तर्गतको २ वटा नया



भवन निर्माण तथा ३ वटा मर्मत सम्भार गरिदिने साझेदारी संस्थाले जनाएको छ। यसका लागि सेभ द चिल्ड्रेन महोत्तरी, रतौली युवा क्लब महोत्तरीका प्रतिनिधिले स्थलगत अनुगमन सँगै नगरपालिका सँग वृहत छलफल समेत गरेको थियो। यस सँगै नगरपालिकालाई साक्षर घोषणा गर्ने बारे कार्ययोजनाहरु बनाउदै छलफल सँगै आगामी रणनीतिबनाउने कामपनि दुर्त्तगतिमा अघि सारिएको जनाईएको छ

बाँकी पृष्ठ ४ मा

# दलितले राज्यलाई क्षमा दिने कि नदिने ?



-वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले दलित समुदायसँग क्षमायाचनाको निर्णय गरेसँगै बहस सुरु भएको छ- दलितले राज्यलाई क्षमा दिने कि नदिने ? क्षमा दिँदा कसरी दिने ? क्षमायाचनासँगै राज्यले दिने न्याय र क्षतिपूर्तिको प्याकेज अनि राज्यको भूमिका के हुने ? राज्यले दलित समुदायसँग क्षमायाचना गर्ने निर्णयसँगै विभेदको ऐतिहासिक पृष्ठभूमि, क्षतिपूर्ति र न्यायका सवालमा बहस चुलिएको छ । दलित समुदायले विगतमा भोगेको विभेद र अपमानको वास्तविक क्षतिपूर्ति र न्याय सुनिश्चित नगरी केवल क्षमायाचनाले मात्र समाधान नहुने विश्लेषण गरिएको छ। सरकारको क्षमायाचनासँगै प्रभावकारी कार्यान्वयन, विशेष प्याकेज, संरचनागत सुधार र दलितमैत्री नीति तथा बजेटको व्यवस्था अनिवार्य रहेको लेखमा जोड दिइएको छ । दलित समुदायको कुनै कार्यक्रममा बोल्दा त्यो समुदायमाथि आफ्ना पुर्खाले गरेको विभेदप्रति क्षमायाचना माग्थे- वामपन्थी नेता तथा प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रित ।

यसले दलित आन्दोलनमा विभेदीकरण र मुक्तिको नयाँ सैद्धान्तिक अनि वैचारिकी निर्माणको दिशाबोध गराउँथ्यो । बिस्तारै दलित आन्दोलनको मुख्य माग बनेको यस विषयमा केही वर्ष अगाडि अधिकारकर्मी तुलानारायण साह, दीपेन्द्र झा र प्रशान्त झाले मधेशका जिल्लाहरूमा नागरिकस्तरबाट दलित समुदायका व्यक्तिलाई भेटेर क्षमा माग्ने गरेका थिए । यसले आमरूपमा सकारात्मक प्रभाव पारेको थियो । नागरिकस्तरबाट सुरु भएको यो अभियान अहिले राज्यको तहसम्म पुगेको छ । वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले दलित समुदायसँग क्षमायाचना गर्ने निर्णय गरेसँगै यसका विभिन्न आयामबारे बहस सुरु भएको छ- अब दलितले राज्यलाई क्षमा दिने कि नदिने ? क्षमा दिँदा कसरी दिने ? क्षमायाचनासँगै राज्यले दिने न्याय र क्षतिपूर्तिको प्याकेज अनि राज्यको भूमिका के हुने ?

संविधान निर्माणका क्रममा दलित आन्दोलनले मुख्य मुद्दाका रूपमा उठाएको क्षमायाचना र क्षतिपूर्तिको विषय संविधानमा समावेश हुन सकेन । यद्यपि संविधानको प्रस्तावनामा दलितमाथि विभेद भएको स्विकारोक्तिसहित सबै किसिमका विभेद अन्त्य गरी न्याय र समतामूलक समाज निर्माण गर्ने भावसहित दलितसम्बन्धी दुई वटा मौलिक हक समावेश छन् । तर, दलित मुक्तिका कोणबाट हेर्दा विगतमा राज्यले गरेको गल्तीप्रति प्रायश्चित गरी क्षतिपूर्ति दिने विषय अपरिहार्य थियो । क्षमायाचनाको वास्तविक मर्म र भावना हो- विगतको गल्तीमाथि स्विकारोक्ति, भविष्यमा पुनः त्यस्तो गल्ती नदोहोऱ्याउने प्रण, पुराना अमानवीय गल्ती सच्याउने संकल्पसहित क्षतिको परिपूरण अर्थात् क्षतिपूर्ति र न्याय प्रदान गर्नु । विगतमा राज्यसत्ताले नै जबर्जस्ती लादेको विभेदप्रति प्रायश्चित गर्दै राज्यका तर्फबाट क्षमायाचना गरिनु सकारात्मक कदम हो । क्षमायाचनाको यो कदमपछि अब दलित समुदायले इतिहासदेखि नै बेहोरेको क्षतिको परिपूरण हुने नयाँ अध्यायको ढोका खुल्ने र बिनागल्ती हीनताबोधले झुकेको दलितको शिर गर्वले ठाडो हुने संकेत देखिएको छ । तर, के राज्यले साँच्चिकै दलित समुदायको मन जितेर दलितबाट क्षमा पाउला त ? क्षमायोग्य पाउन योग्य काम गर्ने प्रतिबद्धतासहित क्षतिपूर्ति देला त ? विभेद-उत्पीडनका ऐतिहासिक शृंखला र क्षतिः राज्य र गैरदलित समुदायले दलितमाथि कस्तो उत्पीडन गरे ? त्यो एक पटक स्मरण गरिहेरौं । ऋग्वेद ( १५०० देखि १००० ई.पू.) को दसौं मण्डलको पुरुषसुक्तको ११ औं मन्त्रमा विराट पुरुषको मुखबाट ब्राह्मण, बाहुनबाट क्षत्री, जाँघबाट वैश्व र पैतालाबाट शूद्रको उत्पत्ति भएको उल्लेख छ। यसरी सुरु भएको वर्ण व्यवस्था उपनिषद्, पुराण, स्मृतिकालसम्म आइपुग्दा जन्म, वंशमा आधारित जात व्यवस्थाका रूपमा प्रकट भयो । नेपालका सन्दर्भमा मनुस्मृति हुँदै लिच्छवि राजाहरू, जयस्थिति मल्ल, राम शाह, पृथ्वीनारायण शाह तथा जंगबहादुर राणाले समाज सुधारका नाममा यसलाई फैलाउने काम गरे । विसं १९१० मा जंगबहादुर राणाले मुलुकी ऐन नै बनाई नेपालीलाई तागाधारी र मतवालीका नाममा उँच-नीच, छुत-अछूत, शुद्ध-अशुद्ध बनाउँदै एक जातिलाई अर्कोभन्दा सानो ठहऱ्याएर विभाजनकारी श्रेणीहरू स्थापना गरी विभेदकारी जात व्यवस्थालाई राज्यका तर्फबाटै संस्थागत गरे । क्षमायाचनाको बहस चलिरहँदा विगतका विभेदले दलित समुदाय, राज्य र स्वयं गैरदलित समुदायमाथिको क्षतिको पनि महसुस गरिनुपर्छ ।

यसरी संस्थागत भएको जात व्यवस्था धर्म, संस्कार, मूल्य-मान्यता आदिका नाममा निरन्तर अघि बढ्दै गयो र मानिसका रूपमा जन्मेका दलित समुदायलाई पशुजस्तै नारकीय जीवन जिउन विवश बनाइयो । आमाको गर्भमा बसेको समयदेखि मृत्युपछि अन्त्येष्टि गर्ने समयसम्मै तथा ३ सय ६५ दिन नै दलितहरू चरम विभेद, अपमान, तिरस्कार र बहिष्कार सहन विवश भए । छोइएमा सुनपानीको छिटो हालेर ‘शुद्ध’ बन्ने अभ्यासबाट समाज अहिले दलितलाई पशुपन्छीझैं हत्या-हिंसा गर्ने, गाउँनिकाला गर्ने, घरमा आगो लगाइदिने तथा भत्काइदिने तहसम्म पुगेको छ । २०६८ मा छुवाछूत ऐन आएयता करिब ८४ जना दलितको जातकै नाममा हत्या भएको छ भने विभेद, अपमान र तिरस्कारका घटनाका कथाले त महाभारतजस्तै ठेली नै बन्न सक्छ । अमानवीय जातीय विभेद तथा छुवाछूतका गम्भीर र बहुमुखी असर अहिले दलित समुदायले भोगिरहेका छन् । दलित समुदायले आत्मसम्मान गुमाए । हीनताबोधको चरम सिकार भए । पहिचान विभेदकारी बन्यो । जीवन नै नारकीय तथा पशुतुल्य बन्यो । एक हिसाबले भन्ने हो भने विभेदमै जन्मिने, विभेदमै हुर्कने र विभेदमै मर्ने शृंखला जारी रह्यो । दलित समुदायका कैयौं पुस्ता यही दुश्चक्रमा फसेर बिते । राज्य संरक्षित विभेद, वञ्चितीकरण र हीनताबोधले थिचिएर दलित समुदाय राज्यको सबैभन्दा पिँधमा छन् । महिलाभित्र दलित महिला, मधेशीभित्र मधेशी दलित, बालबालिकाभित्र दलित बालबालिका, दुर्गममा त्यहाँका दलित, अपांगताभित्र पनि दलित सबैभन्दा पछि परेका छन् । पछिल्लो राष्ट्रिय जनगणनाको तथ्यांकअनुसार आर्थिक अवस्था, शैक्षिक अवस्था, राजनीतिक अवस्था, रोजगारीसहितका विभिन्न क्षेत्रमा दलित समुदाय सबैभन्दा पछि परेको देखाउँछ ।

सारमा भन्दा यो विभेदले मनोवैज्ञानिक रूपमा दलित समुदायको मानवीय मर्यादा र आत्मसम्मानमा गम्भीर चोट पुगेको छ भने भौतिक रूपमा राज्यमा दोस्रो दर्जाको नागरिकका रूपमा बाँच्न विवश हुनुपरेको छ । दलित समुदायले बेहोरेको यो क्षति र पीडाले समग्रतामा राष्ट्रिय एकता, सामाजिक सद्भाव, दिगो शान्ति र समतामूलक समाज निर्माणसहित विकास र समृद्धिको यात्रामा बाधा उत्पन्न भएको छ । क्षमायाचनाको बहस चलिरहँदा विगतका विभेदले दलित समुदाय, राज्य र स्वयं गैरदलित समुदायमाथिको क्षतिको पनि महसुस गरिनुपर्छ । क्षमायाचनाको औचित्य : जात व्यवस्था, विभेदको ऐतिहासिक पक्ष, दार्शनिक पक्ष र सैद्धान्तिक पक्ष नबुझेकाहरूका लागि यो विषय सामान्य हो । तर, हजारौं वर्षदेखि विभेद र अपमान भोग्दै आएको समुदायका लागि राज्यले विगतको गल्तीप्रति प्रायश्चित गरी माफी माग्नु नयाँ गन्तव्यको ढोका खुल्नु हो । अहिले पनि मानिसलाई दलितमाथि भएको विभेद सामान्य लाग्छ । र, ती भन्छन्, ‘विभेद कहाँ छ र ? हटिसक्यो ।’ अर्का थरीलाई चिन्ता छ, ‘कोटा पनि दिने ? विभेद गर्न पनि नपाइने ?’ कतिपय मानिस सोच्छन्- आफ्नो भात-भान्सा, मन्दिर र कुलदेवताको ठाउँलाई दलितबाट टाढा राख्नुपर्छ ।

देश संघीय लोकतान्त्रिक गणतन्त्रमा पुग्दा पनि, सूचना प्रविधिको उच्चतम विकाससँगै एआई युगमा प्रवेश गर्दा पनि विभेद कायम रहनु र यसलाई उन्मूलन गर्न बेवास्ता गरिएको परिवेशमा यसको गम्भीर अर्थ छ । वास्तवमा क्षमायाचना गर्ने विषय अन्तर्राष्ट्रिय क्षेत्रमा पनि अभ्यास भएको पाइन्छ । विश्वभर विगतमा जान-अन्जानमा आफ्ना नागरिकप्रति गरिएका उत्पीडन तथा वञ्चितीकरणप्रति स्विकारोक्ति गर्ने, रिअलाइज तथा पश्चात्ताप गर्ने, उनीहरूको जीवनस्तरलाई अन्य नागरिकसरह बनाउन क्षतिपूर्तिका विभिन्न कार्यक्रम गरिएको पाइन्छ । पृष्ठभूमिमा विस्तृत चर्चा गरिएको छ- जात व्यवस्थाको सूत्रधार राज्य हो र अहिले राज्य संरक्षित विभेदको युग चलिरहेको छ । विभेदको सुरुवात राज्यले गरेको हुँदा यसको अन्त्यको प्रयास पनि राज्यले नै गर्ने हो । हिजो राज्य शक्तिको बल प्रयोग गरेर कानुन बनाई कार्यान्वयन गरी दलित समुदायको जीवन तहसनहस पारियो । अहिले केवल क्षमायाचनाका दुई शब्द खर्च गरेर पुग्दैन । यसको सजाय भुक्तानीका लागि राज्यले क्षतिपूर्ति दिनैपर्छ । समग्र विभेद अन्त्यका लागि राज्यले आफ्नो सम्पूर्ण सामर्थ्य लगाउनुपर्छ । अनि मात्रै वास्तवमा विभेद अन्त्य हुन्छ र समाजमा न्याय स्थापित हुन सक्छ ।

वास्तवमा क्षमायाचना गर्ने विषय अन्तर्राष्ट्रिय क्षेत्रमा पनि अभ्यास भएको पाइन्छ । विश्वभर विगतमा जान-अन्जानमा आफ्ना नागरिकप्रति गरिएका उत्पीडन तथा वञ्चितीकरणप्रति स्विकारोक्ति गर्ने, रिअलाइज तथा पश्चात्ताप गर्ने, उनीहरूको जीवनस्तरलाई अन्य नागरिकसरह बनाउन क्षतिपूर्तिका विभिन्न कार्यक्रम गरिएको पाइन्छ । अमेरिका, क्यानडा, न्युजिल्यान्ड, जर्मनी, अस्ट्रेलिया, दक्षिण अफ्रिका, कोरिया, जापान जस्ता देशहरूमा रंग, जात, लिंगका आधारमा उत्पीडनमा परिएका समुदायसँग राज्यले क्षमायाचना गरी क्षतिपूर्ति दिएको विषयबाट नेपालले पनि पाठ सिक्न सक्छ ।

राज्यस्तरबाट गरिने यस प्रकारको पहलले सिंगो समाजलाई नयाँ ढंगबाट सोच्न बाध्य पार्न सक्छ । राज्यको अगुवाइमा सबै नागरिकलाई एक ठाउँमा ल्याउन सकिन्छ । माथि चर्चा गरिएजस्तै विभेदले समाजमा पारेको असर, राज्यमाथि परेको असर, अन्तर्राष्ट्रिय रूपमा धमिलिएको देशको छवि र मानव सभ्यतामाथि लागेको कलंक मेटाउने अवसरका रूपमा यसलाई लिन सकिन्छ । दलितले क्षमा दिने कि नदिने ? राज्यले क्षमायाचना गर्ने कदम सकारात्मक भए पनि दलित समुदायले यसलाई स्वीकार गर्ने कि नगर्ने ? क्षमा दिने कि नदिने ? प्रश्न गम्भीर छ । राज्यले इमान्दारीपूर्वक विगतको गल्ती महसुस गरी परिणाममा दलित मुक्ति खोजेको हो भने दलितले क्षमा दिनैपर्छ । तर, देखावटी हो भने यसको कुनै औचित्य छैन ।

नेपाली कांग्रेसका शेरबहादुर देउवा नेतृत्वको सरकारले २०५८ मा दलित अधिकारका लागि गरेको घोषणा, २०६३ मा पुनःस्थापित प्रतिनिधिसभाले गरेको छुवाछूतमुक्त राष्ट्र घोषणा, नेकपा एमालेका झलनाथ खनाल नेतृत्वको सरकारले गरेको छुवाछूत उन्मूलन राष्ट्रिय दिवस घोषणाको कार्यान्वयनको अवस्था विदितै छ । विसं २०२० को नयाँ मुलुकी ऐन, २०४७ को संविधान, २०६३ को अन्तरिम संविधान र २०७२ को नयाँ संविधानमा भएका छुवाछूत अन्त्य र दलित अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था पनि जगजाहेर नै छ । सरकारका यी घोषणा अनि संविधान र कानुनमा भएका व्यवस्थाको न्यूनतम कार्यान्वयन पनि भएको पाइँदैन । मूलतः संविधान र कानुनमै भएको व्यवस्था कार्यान्वयन हुन नसकेको अवस्थामा सरकारले गर्न लागेको क्षमायाचनाप्रति दलित समुदायको आलोचनात्मक समर्थन छ । अब सरकारले उत्तर दिन सक्नुपर्छ- विगतका घोषणाभन्दा यो कुन मानेमा फरक हुनेछ ? अनि मात्रै दलित समुदायले विश्वास गर्नेछन् । नेपालको दलित आन्दोलनले संविधान निर्माणका क्रममा संविधानको प्रस्तावनामै विगतमा दलितमाथिको उत्पीडनप्रति प्रायश्चित गरी क्षमायाचना गर्दै क्षतिपूर्ति दिनुपर्ने कुरा उठाएको थियो ।

**सांभार : कान्तिपुर ।**

## विद्यालयको भौतिक निर्माणमा................................

सेभ द चिल्ड्रेन बर्दिबास फिल्ड कार्यालयका प्रमुख उमेश गुप्ताले परियोजनाको दुर्गामी उपलब्धि बारे जानकारी दिदै।

परियोजनाले बालबालिकालाई सुरक्षित,समावेशी र गुणस्तरीय सिकाइ वातावरण प्रदान गर्नेछ। स्थानीय तहसँगको सहकार्यबाट दिगो र प्रभावकारी परिणाम हासिल हुनेमा विश्वस्त रहेको बताए।

महोत्तरीको शैक्षिकसंस्थान हरुको भौतिक अवस्था तथा महोत्तरीको साक्षरता विषय बारे जिकिर गर्दै रतौली युवा क्लब महोत्तरीका कार्यकारी निर्देशक बैधनाथ चौधरीले समुदायसँग नजिक रहेर काम गर्दा यस्ता परियोजनाहरू अझ प्रभावकारी हुने अनुभव साझा गरेका थिए। उनले विद्यालय सुधार र साक्षरता अभियानलाई सफल बनाउन सक्रिय रूपमा सहकार्य र समन्वय गर्ने स्पष्ट योजना रहेको प्रतिबद्धता जाहेर गरे। त्यस्तै बलवा नगर पालिकाका नगरप्रमुख रामबिजय महतोले शिक्षा क्षेत्रको सुधार हाम्रो प्राथमिकता हो। विद्यालयको भौतिक पूर्वाधार सुदृढ गर्दै गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र छिट्टै बलवा नगरपालिकालाई साक्षर घोषणा गर्ने लक्ष्यमा हामी दृढताका साथ अघि बढने योजनाहरुमा केन्द्रित छौ र यथाशिघ्र सफलता हासिल गर्न काममा जुटीसकेको जानकारी दिए।

विद्यालय सुधार परियोजनाको त्रिपक्षीय हस्ताक्षर कार्यक्रममा बलवा नगर पालिकाका नगरप्रमुख रामबिजय महतोको अध्यक्षता भएको थियो। त्यस्तै कार्यक्रममा सेभ द चिल्ड्रेन बर्दिबास फिल्ड कार्यालयका प्रमुख उमेश गुप्ता,रतौली युवा क्लबका कार्यकारी निर्देशक बैधनाथ चौधरी,अध्यक्ष साकिर खान, बलवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, सेभ द चिल्ड्रेन बर्दिबास फिल्ड कार्यालय परियोजना प्रबन्धक पुष्कर काफ्ले, सेभ द चिल्ड्रेन बर्दिबास फिल्ड कार्यालयका नीति,वकालत तथा सञ्चार संयोजक झमकेश्वर ओझा,रतौली युवा क्लब महोत्तरीका वरिष्ठ परियोजना संयोजक विनोद साह,पत्रकार लगायत प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday